कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

# यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र

इटहरी, सुनसरी

मितिः २०८२/१२/२३

## सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यातायात व्यवस्था विभागको च.नं. ७५५ मिति २०८२/१२/१६ को सहजीकरण सम्बन्धी पत्र र आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरको च.नं. १०३७ मिति २०८२/१२/१७ को निर्देशन कार्यान्वयन सम्बन्धी परिपत्र बमोजिम यस कार्यालयबाट प्रवाह हुने सेवालाई प्रभावकारी र गुनासो रहित बनाउन कार्यालयमा अनाधिकृत व्यक्तिहरु प्रवेश निषेध गरिएको हुँदा प्रचलित कानून बमोजिम इजाजत प्राप्त लेखापढी व्यवसायीहरुले अनिवार्य रुपमा परिचय पत्र प्रयोग गरी कार्यालय परिसरभन्दा बाहिर मर्यादित तवरले लेखापढी व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध छ । साथै कार्यालयमा नागरिक सहायता कक्ष (Help Desk) को व्यवस्था भएको हुँदा सेवाग्राहीहरुले नागरिक सहायता कक्षको प्रभावकारी उपयोग गर्नुहुन समेत अनुरोध छ ।

यदि कसैले सेवाग्राहीलाई दुःख दिने वा कुनै पनि प्रकारको अवाञ्छित गतिविधि गरेको पाइएमा कानून बमोजिम कारवाही हुने समेत जानकारी गराइन्छ । साथै कुनै गुनासो भएमा कार्यालय प्रमुख वा गुनासो सुन्ने अधिकारीलाई सम्पर्क गरी जानकारी गराउनु हुन समेत अनुरोध छ ।

२०८२/१२/२३

नि. कार्यालय प्रमुख